# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ ३१ गते २०३२ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ को उपदफा (३) को प्रयोजनको लागि निम्न मालवस्तु तोकिदिएकोले यो सूचना प्रकाशित गरेको छ:-

मालवस्तु

१. खाद्यान्न र अन्य वस्तुहरू

(क) खाद्यान्न वस्तुहरू (ख) तेल, घ्यू, नून, मट्टितेल (ग) जिरामरिच (घ) चिया, चिनी (ङ) स्किम्ड मिल्क, बेबीफूड, बेबीमिल्क, हर्लिक्स र अन्य माल्टेड पेय पदार्थहरू (च) चुरोट, सलाई र बिडी (छ) टूथपेष्ट, टूथब्रुश, टूथपावडर र रेजर ब्लेड (ज) साबुन

२. मिठाईहरू

३. औषधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

४. कापी, कलम, कागज, मसी, किताब आदि स्टेशनरी सामानहरू र अफिस इक्विपमेण्टस्

५. जुत्ताहरू

६. छाता, लाल्टेन, लम्फा, स्टोभ, बेट्रीहरू

७. निर्माणसम्बन्धी सामानहरू

(क) फलामको रड तथा हार्डवयरहरू (ख) रूफिंग मैटेरियल्स (छानाका सामानहरू) (ग) सबै प्रकारका पाइपहरू (घ) रङ्ग रोगन (ङ) प्लाईऊड (च) सिट ग्लास

८. कपडाहरू

(क) सबै खस्रा तथा मोटा कपडाहरू

(ख) गन्जी, भित्री कट्टु, मोजा आदि होजियरी सामानहरू

९. सबै प्रकारका पार्टपूर्जाहरू र टायरटयूब

१०. बिजुलीका सामानहरू

११. भाँडावर्तन

१२. साइकल र खेलकूदका सामानहरू

१३. तरकारीहरू

१४. माछा मासु

मूल्यसूची राख्दा व्यापारीवर्गले ग्राहकहरूले जाँच गर्न सक्ने एकाईयुक्त सामानमा सोही सामानमा नै मूल्य अङ्कित गर्नु पर्ने र एकाईमा मूल्य अङ्कित हुन नसक्ने सामानको हकमा स्थायीरूपले स्पष्ट बुझिने गरी मूल्य लेखी मूल्यपाटी देखिने स्थानमा टाँस्नु पर्ने

उपर्युक्त मूल्यसूची हाललाई अधिराज्यको नगर पञ्चायत र शहरी क्षेत्रहरूमा ३५ दिनभित्र टाँगी सक्नु पर्ने र तरकारी विक्रेताहरूको हकमा हाललाई तरकारी बजार भनी तोकिएको स्थानहरू वा अन्य स्थानमा व्यवस्थित भएर विक्री गर्नेहरूले मात्र मूल्य सूची टाँस्नु पर्ने व्यहोरासमेत जानकारी गराइएको छ।

आज्ञाले–

शिवनारायण दास

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।